नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः-

चलानी नं.:-

## विश्वविद्यालय/कलेज तथा शिक्षण संस्थाहरूको आधिकारिकता सम्वन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

प्रस्तुत विषयमा विदेशमा अध्ययनका लागि वैदेशिक अध्ययन अनुमति पत्र/NOC माग गरी अनलाईन आवेदन गर्ने विद्यार्थीहरूलाई यस मन्त्रालयको NOC अनलाइन पोर्टलबाट वैदेशिक अध्ययन अनुमति पत्र/NOC जारी गर्ने गरिएको वेहोरा सम्बन्धित सबैमा अवगत नै छ । यसरी विदेशमा उच्च शिक्षा अध्ययनको लागि वैदेशिक अध्ययन अनुमति पत्र/NOC लिई विभिन्न देशमा उच्च शिक्षा अध्ययन गर्न जाने विद्यार्थीहरूबाट विभिन्न समयमा आफ्नो शिक्षण संस्था आधिकारिक नभएको, विश्वविद्यालय/कलेजको भौतिक सुविधासमेत शिक्षण अनुकूल नभएको तथा आफू ठगीमा परेको भन्ने गुनासो आइरहेको सन्दर्भमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । वैदेशिक अध्ययन अनुमतिसम्वन्धी निर्देशिका २०७९(संशोधनसहित) दफा १८ को उपदफा ४ मा विश्वविद्यालय वा शिक्षण संस्थाको वेबसाइट उपलब्ध रहेको र शैक्षिक संस्था वा विश्वविद्यालयको वरियताक्रम प्रदान गर्ने टाइम्स हाइयर एजुकेशन वा क्यूएस वर्ल्ड युनिभरसिटी  र्‍याङ्किङ वा साङ्घाई जियातोङ्ग र्‍याङ्किङको वरियता सूचीमा रहेको भन्ने उल्लेख भएको आधारमा विदेशस्थित आफू अध्ययन गर्न जाने विश्वविद्यालय/कलेज आधिकारिक रहे/नरहेको पहिचान गर्न सकिने छ । विभिन्न समयमा विदेशस्थित नेपाली राजदुतावासले नेपाल सरकार, परराष्ट्र मन्त्रालयमार्फत यस मन्त्रालयलाई प्रेषित पत्रमा सम्वन्धित देशमा रहेका विश्वविद्यालय/कलेज तथा शिक्षण संस्थाहरूको आधिकारिकता तपसिलबमोजिम पहिचान गर्न सकिने भनी उल्लेख भई आएकोले तपसिलका देशहरूमा उच्च शिक्षा अध्ययन गर्न जाने विद्यार्थीहरूले तपसिलमा उल्लेख भएअनुसारका आधिकारिक लिङ्कहरूबाट आफू अध्ययन गर्न जाने विश्वविद्यालयहरूद्वारा उपलब्ध गराइएको Offer Letter/ Letter of Acceptance/COE आदिजस्ता कागजातहरूको आधारमा अध्ययन गर्न जाने विश्वविद्यालय/कलेज तथा शिक्षण संस्थाहरूको आधिकारिकता पहिचान गर्न र अन्य सबैले माथि उल्लेख भएको टाइम्स हाइयर एजुकेशन वा क्यूएस वर्ल्ड युनिभरसिटी र्‍याङ्किङ वा साङ्घाई जियातोङ्ग र्‍याङ्किङ को वरियता सूचीमा उल्लेख भए/नभएको एकीन गरेर मात्र वैदेशिक अध्ययन अनुमति पत्र/NOC अनलाइन फारम भर्न/NOC लिन तथा विदेशस्थित विश्वविद्यालय/कलेज तथा शिक्षण संस्थाहरूमा अध्ययन गर्न जान सम्वन्धित सबैमा सूचित गरिन्छ ।

तपसिल;

| क.सं | देश | लिङ्क | कैफियत |
|---|---|---|---|
| १ | China: | https://hudong.moe.gov.cn/qggxmd/ | |
| २ | Australia: | https://cricos.education.gov.au/institution/institution search.aspx | |
| ३ | Norway: | https://nokut.no/en/higher-education/higher-education-institutions/ | |
| ४ | UAE: | https://www.caa.ae/pages/institutes/All.aspx | |
| ५ | UK: | Office for Student(QFS) httpa://www.gov.uk/check-university-award-degree | |
| ६ | Spain | Registro de Universidades,Centrosy Titulos (RYCT) https://www.educacion.gob.es/ructconsultauniversidades?actual=universidades | |
| ७ | Malta | MFHEA Malta Qualification Database | |

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः-
चलानी नं.:

| क्र.सं | देश | लिङ्क | कैफियत |
|---|---|---|---|
| | | https://qualifications.mfhea.gov.mt/#/institutions | |
| ८ | America | https://ope.ed.gov/dapip/#/agency-list<br>https://ope.ed.gov/dapip/#/institution-profile/133872<br>https://ope.ed.gov/dapip/#/home | |
| ९ | Germany: | www.wissenschaftsrat.de. | |
| १० | Italy: | https://cercauniversita.cineca.it/<br>https://www.universitaly.it/index.php/university/universitaitalia.<br>https://www.afam.miur.itargomenti/instituzioni.aspx | |
| ११ | Lithuwanywa: | https://www.aikos.smm.lt/StudyPragramm/EducationProviders.<br>France: https://www.cefdg.fr/ecoles-et-formations-evaluees | |
| १२ | Korea: | Korea University Accreditation Institute(KUAI) | |
| १३ | Ireland: | https://irq.ie/ | |

२०८१।०९।०४

फोन नं.:
वेबसाइट : www.moest.gov.np